गण्डकी प्रदेश

**टिप्पणी तथा सुझाव**

असार, २०७६




# प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक

## पृष्ठभूमि

नेपालको संविधान २०७२ ले ३ तहको शासकीय संरचना व्यवस्था गरेको छ । यही संरचनाभित्रको एक एकाइ हो- गण्डकी प्रदेश । सङ्घ, प्रदेश र स्थानीय तहलाई आफ्नो अधिकार क्षेत्रभित्रका कानुन आफैँ बनाएर लागु गर्ने अधिकार संविधानले दिएको छ । यही अधिकार प्रयोग गर्दै गण्डकी प्रदेशले आफ्नो क्षेत्रभित्र सञ्चालन हुने आमसञ्चारमाध्यमलाई व्यवस्थित, व्यावसायिक, स्वतन्त्र, पारदर्शी बनाउँदै नियमन र व्यवस्थापन गर्न प्रदेश आमसञ्चार ऐन बनाउने गरी प्रदेश आमसञ्चारसम्बन्धी विधेयकको मस्यौदा तयार पारेको छ । गण्डकी प्रदेशले २०७५ असोजमै 'प्रदेश सञ्चार नीति' पारित गरेको थियो । त्यही नीतिको मूलभूत मान्यतामा आधारित भएर यो विधेयक तयार पारेको पाइन्छ ।

यो विधेयकमा १० वटा परिच्छेद र ५६ वटा दफा छन् । परिभाषा, प्रेस रजिस्ट्रारको व्यवस्था, पत्रपत्रिका दर्ता, प्रकाशन, वर्गीकरण, प्रसारण इजाजत, नवीकरण, विज्ञापन, अनलाइन माध्यम, अनलाइनको अभिलेखीकरण, विदेशी लगानी, श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक अनुगमन, आचारसंहिता, दण्ड सजाय, पत्रकार र प्रसारकको योग्यतालगायत विषय विधेयकमा छन् ।

## विधेयकको मस्यौदामा देखिएका समस्या

- दफा २ को उपदफा (ग) मा आमसञ्चार कि आमसञ्चार माध्यमको परिभाषा गर्न खोजिएको हो भन्ने स्पष्ट छैन । आमसञ्चार भनेर आमसञ्चारमाध्यमको परिभाषा राखिएको छ ।
- दफा २ को उपदफा (ङ) मा पत्रपत्रिकाको परिभाषाभित्र डिजिटल पत्रिकालाई ख्याल गरिएको छैन ।
- दफा २ को उपदफा (छ) मा पत्रकारको परिभाषाको दायरा साँघुरो बनाइएको छ ।
- दफा २ को उपदफा (ठ) मा प्रसारण र कार्यक्रम उत्पादकलाई पत्रकारिताजन्य शब्दको प्रयोग गरिएको छैन ।
- दफा २ को (थ) मा अनलाइन सञ्चारमाध्यमको परिभाषाभित्र अनलाइन पत्रकारितालाई पनि पारिएको छ । त्यसो गर्दा अन्योल रहन सक्छ ।
- दफा २ को उपदफा (ध) मा श्रमजीवी पत्रकारको परिभाषा सङ्घको श्रमजीवी पत्रकार ऐनको परिभाषासँग एकरूपता हुनेखालको छैन । र, यही विधेयकमा उल्लेख भएको पत्रकारको परिभाषासँग पनि मेल खाँदैन ।
- दफा २३ मा निर्वाचनको बेला आयोगले तोकेको बेलामात्र राजनीतिक दलले विज्ञापन दिन पाउने व्यवस्था छ । आचारसंहिताभित्र रहेर विज्ञापन गर्न पाउने कुरालाई प्रोत्साहन गर्न आवश्यक छ ।
- दफा ३९ मा उल्लेखित बहुसञ्चारमाध्यमको स्वामित्वसम्बन्धी प्रावधान गण्डकी प्रदेश स्वयंले बनाएको प्रदेश आमसञ्चार नीतिको बुँदा नम्बर २.१० सँग बाझिएको छ ।

- दफा ४८ मा फौजदारी कानुनकै दायरामा ल्याउने गरी कैद र सजाय व्यवस्था छ ।
- दफा ५३ मा किताब बिक्री वितरणअगाडि नै प्रेस रजिस्ट्रारलाई बुझाउनुपर्ने व्यवस्था छ । यसको दुरूपयोग हुन सक्छ ।

## मुख्य सुझाव

- लोकतान्त्रिक व्यवस्थामा कानुनको शासन हुने भएकाले कानुनी प्रावधानहरू सकेसम्म लोकतान्त्रिक हुनुपर्छ । त्यसका लागि ऐनको प्रस्तावनादेखि नै ख्याल गर्नुपर्छ ।
- कानुनमा प्रयोग हुने शब्दहरूको विशेष अर्थ हुने भएकाले आमसञ्चार र पत्रकारिता क्षेत्रमा प्रयोग हुने शब्दको शाब्दिक परिभाषामा ध्यान दिनुपर्छ ।
- सङ्घीय कानुनभित्र पनि परिभाषित शब्दहरूलाई प्रदेशले एकरूपता दिनु उपयुक्त हुन्छ । एउटै शब्दको परिभाषा सङ्घीय कानुन र प्रदेश कानुनमा फरक-फरक हुनुहुँदैन ।
- कानुनमा प्रयोग हुने शब्द लैङ्गिकमैत्री हुनुपर्छ ।
- 'लोकतन्त्र' र 'प्रतिबन्ध' परस्पर विरोधी कुरा हुन् । त्यसैले लोकतान्त्रिक व्यवस्थाभित्र बन्ने कानूनमा कतै पनि 'प्रतिबन्ध' भन्ने शब्द राख्नु उपयुक्त हुँदैन ।

## दफागत समस्या र सुझाव

| दफा नं. | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा २ | दफा २ को परिभाषामा उपदफा (क) पछि | उपदफा (ख) | क पछि ख नराखी उपदफा ग राखिएकाले सिलसिला क, ख, ग गरी बुँदागत सिलसिला मिलाउनुपर्ने । |
| | (ग) 'आमसञ्चार' भन्नाले सूचना तथा सन्देश संप्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन तथा प्रसारण हुने सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित विद्युतीय तथा मुद्रणका सञ्चारमाध्यम सम्झनुपर्छ । | (ग) 'आमसञ्चार माध्यम' भन्नाले समाचार, सूचना तथा सन्देश संप्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन तथा प्रसारण हुने सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित विद्युतीय तथा मुद्रणका सञ्चारमाध्यम सम्झनुपर्छ । | 'आमसञ्चार' भनेको सञ्चार गर्ने एउटा तरिका हो । 'आमसञ्चार माध्यम' भन्नाले आमसञ्चार गर्ने सञ्चार साधन हुन् । यहाँ आमसञ्चार गर्ने माध्यमलाई परिभाषित गर्न खोजिएकाले 'आमसञ्चार' मात्र नभनी' आमसञ्चारमाध्यम' भन्नु उपयुक्त हुने भएकाले ।<br><br>त्यस्तै 'समाचार पत्रकारिताको अभिन्न अङ्ग भएकाले सूचना र सन्देश सँगसँगै समाचार राख्दा उचित हुने भएकाले । |

| दफा नं. | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा २ | (ङ) 'पत्रपत्रिका' भन्नाले समाचारपत्र, समाचार पत्रिका र अन्य पत्रपत्रिका सम्झनुपर्छ । | (ङ) 'पत्रपत्रिका' भन्नाले आवधिकरूपमा मुद्रण हुने वा इन्टरनेट प्रविधिमार्फत सार्वजनिक हुने समाचारपत्र वा पत्रिका सम्झनुपर्छ । | इन्टरनेट प्रविधिबाट पनि पत्रिका निस्कने भएकाले । |
| | (छ) 'पत्रकार' भन्नाले आमसञ्चारमाध्यममा प्रकाशन/प्रसारण हुने सामग्री, सङ्कलन, लेखन वा सम्पादन, प्रसारण गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सम्पादक, फोटो पत्रकार, क्यामेरामेन, समाचारवाचक, व्यङ्ग्य चित्रकार र भाषा सम्पादकसमेतलाई जनाउँछ । | 'पत्रकार' भन्नाले आमसञ्चारमाध्यममा प्रकाशन/प्रसारण हुने सामग्री, सङ्कलन, लेखन वा सम्पादन वा प्रकाशन प्रसारणमा भूमिका निर्वाह गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सम्पादक, फोटोपत्रकार, क्यामेरापर्सन, समाचारवाचक, व्यङ्ग्य चित्रकार, भाषा सम्पादक, डिजाइनर र स्तम्भ लेखकसमेतलाई जनाउँछ । | प्रकाशन कार्यमा संलग्न हुने व्यक्ति पनि पत्रकार हुने भएकाले 'प्रसारण गर्ने व्यक्ति' भनेको ठाउँमा 'प्रकाशन/प्रसारणमा भूमिका निर्वाह गर्ने व्यक्ति' राख्नुपर्छ । 'क्यामेरामेन' ले लैङ्गिक विभेद झल्कने भएकाले 'क्यामेरापर्सन' राख्न उपयुक्त हुने । 'स्तम्भ लेखक', 'डिजाइनर' लाई अन्यत्र पत्रकारकै सूचीमा राखिने चलन भएकाले पत्रकारको परिभाषामा 'स्तम्भ लेखक' र 'डिजाइनर' लाई पनि राख्नु उपयुक्त हुने । |
| | (ठ) 'प्रसारक' भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम कार्यक्रम वाचन गर्ने व्यक्ति, प्रस्तोता सम्झनुपर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्तिलाई समेत जनाउँछ । | प्रसारक भन्नाले प्रसारण माध्यमबाट प्रसारण हुने कार्यक्रम प्रस्तुत गर्ने व्यक्ति, प्रस्तोता तथा तयार पार्ने व्यक्ति सम्झनुपर्छ । | कार्यक्रम सम्पादन गर्नेलाई प्रसारक नभन्दा राम्रो हुने भएकाले |
| | (थ) 'अनलाइन सञ्चारमाध्यम' भन्नाले इन्टरनेटको माध्यमबाट गरिने अनलाइन पत्रकारिता, युट्युब, च्यानल, ब्लग, एप्सलगायत सबै डिजिटल र मल्टिमिडियासमेतलाई सम्झनुपर्छ । | 'अनलाइन सञ्चारमाध्यम' भन्नाले इन्टरनेट प्रविधिको माध्यमबाट सञ्चालित हुने अनलाइन, युट्युब च्यानल ब्लग, एप्सलगायत सबै डिजिटल र मल्टिमिडियासमेतलाई सम्झनुपर्छ । | सञ्चारमाध्यममा समाचार तथा सूचना प्रसारण गरिने एउटा तरिका पत्रकारिता हो । त्यसैले 'अनलाइन सञ्चारमाध्यम' को परिभाषाभित्र 'अनलाइन पत्रकारिता' लाई नराखी 'अनलाइन पत्रकारिता' लाई छुट्टै परिभाषित गर्दा उपयुक्त हुन्छ । अनलाइन र अनलाइन पत्रकारितालाई एकै ठाउँमा राख्दा अन्योल हुने भएकाले । |

| दफा नं. | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा २ | (ध) 'श्रमजीवी पत्रकार' भन्नाले सञ्चार संस्थामा पूर्ण वा आंशिक समय काम गरी पारिश्रमिक प्राप्त गर्ने समाचार सामग्री सङ्कलन, उत्पादक, सम्पादक वा सम्प्रेषण गर्ने प्रधानसम्पादक, संवाददाता, स्ट्रिन्जर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, प्राविधिक, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक र दृश्य र भाषा सम्पादकलाई जनाउँछ । | (ध) 'श्रमजीवी पत्रकार' भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्तिबाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाइ पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिन्जर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, डिजाइनर, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरापर्सन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता पत्रकारिता पेशासँग सम्बन्धित व्यक्तिसमेतलाई जनाउँछ । | श्रमजीवी पत्रकारिता ऐनमा गरिएको परिभाषासँग एकरूपता हुने भएकाले ।<br><br>'प्रेस क्यामेरापर्सन' शब्द लैङ्गिकमैत्री हुने भएकाले । |
| | (प) 'समाचारपत्र' भन्नाले सार्वजनिक महत्वका समसामयिक विषयका क्षेत्रमा टिप्पणी भएको वा नभएको लिखत, समाचार तथा विचार हरूसमेत भएको सार्वजनिकरूपमा बिक्री वा वितरण हुने पत्रपत्रिका सम्झनुपर्छ । | (प) 'समाचारपत्र' भन्नाले समाचारलाई विशेष प्राथमिकता दिइ प्रकाशित हुने पत्रिका सम्झनुपर्छ । | समाचारपत्रले समाचार तथा समाचारमूलक सामग्रीलाई प्राथमिकता दिने भएकाले । |

| दफा नं. | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ५ | प्रेस रजिस्ट्रारको काम, कर्तव्य र अधिकार<br>(ग) प्रदेश सरकार र प्रदेशमा सञ्चालित आमसञ्चारबीच सौहार्द्रपूर्ण सम्बन्ध कायम राख्ने । | (ग) प्रदेश सरकार र प्रदेशमा सञ्चालित आमसञ्चारमाध्यमबीच सौहाद्र्रपूर्ण सम्बन्ध कायम राख्ने । | 'आमसञ्चार' भन्दा 'आमसञ्चारमाध्यम' शब्द उपयुक्त हुने भएकाले । |
| | (ङ) आमसञ्चारको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने । | (ङ) आमसञ्चारमाध्यमको स्वतन्त्रता र पत्रकारिताको मर्यादा कायम गर्ने | हस्तक्षेप हुन नदिने भन्दा स्वतन्त्रता र मर्यादा कायम राख्ने राख्दा उपयुक्त हुने भएकाले । |
| दफा २३ | विज्ञापनसम्बन्धी व्यवस्था :<br>(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए पनि निर्वाचनको समयमा नेपाल सरकारले निर्वाचन आयोगको परामर्श लिइ कुनै पनि राजनीतिक दललाई आफ्नो घोषणापत्र, कार्यक्रम वा त्यस्तो दलको दर्शन जस्ता कुराहरूको जानकारी गराउन दिनलाई यस दफाको कुनै कुराले बन्देज लगाएको मानिने छैन । | उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको समयमा निर्वाचन आयोगको आचारसंहितामा रही कुनै पनि राजनीतिक दलले विज्ञापन प्रसारण गर्न पाउनेछन् । | राजनीतिक दलले दलीय संस्कार तथा सार्वजनिक मर्यादाअनुसार जानकारीमुलक सामग्री विज्ञापनका रूपमा दिन सक्ने छूट सञ्चारमाध्यमलाई हुनुपर्छ । यसमा कसैको पनि स्वीकृति लिनु जरूरी छैन । |
| दफा ३९ | (२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आमसञ्चार माध्यममा पचास प्रतिशतभन्दा बढी लगानी गरी सञ्चालन गरेका व्यक्ति, परिवार वा समूहलाई आफ्नै आमसञ्चारमाध्यमको अनलाइन संस्करणबाहेक अन्य प्रकाशन वा प्रसारण वा अनलाइन माध्यमको स्वामित्वमा निर्णयात्मक हिस्सा हुने गरी लगानी गर्न दिइने छैन ।<br>(३) आमसञ्चारमा लगानीसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । | | गण्डकी प्रदेशको प्रदेश आमसञ्चार नीतिको बुँदा नं. २.१० मा 'कुनै एक व्यक्ति, परिवार वा समूहलाई अनलाइनमाध्यम बाहेक छापा, श्रव्यदृश्य र श्रव्यमाध्यम गरी तीनै माध्यममा लगानी गर्न रोक लगाई सञ्चारमाध्यममा एकाधिकार कायम दिइने छैन' भन्ने कुरा उल्लेख गरिएकाले नीतिको यो प्रावधानसँग विधेयकको प्रावधान मेल खाँदैन । |

| दफा नं. | विद्यमान व्यवस्था | हुनुपर्ने | कैफियत |
|---|---|---|---|
| दफा ४८ | दण्ड सजाय : (१) कसैले दफा १६ बमोजिम इजाजतपत्र नलिइ कार्यक्रम उत्पादन, वितरण तथा डाउनलिङ्क गरेमा त्यस्तो व्यक्तिलाई इजाजतपत्र दस्तुरबापत लाग्ने दस्तुर बराबरको रकम असुलउपर गरी सो बराबरको रकम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । (२) कसैले दफा ४४ बमोजिम प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा विषयको गाम्भीर्यता हेरी पच्चीस हजार रूपियाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । | दण्ड सजाय : (१) कसैले दफा १६ बमोजिम इजाजतपत्र नलिइ कार्यक्रम उत्पादन वितरण तथा डाउनलिङ्क गरेमा त्यस्तो व्यक्तिलाई इजाजतपत्र दस्तुरबापत लाग्ने दस्तुर बराबर रकम असुलउपर गरी सो बराबरको रकम जरिवाना हुनेछ । (२) कसैले दफा ४४ बमोजिम प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा विषयको गाम्भीर्य हेरी २५ हजार रूपियाँसम्म जरिवाना हुनेछ । | आमसञ्चारमाध्यम र पत्रकारलाई फौजदारी कानुनको दायरामा ल्याउनुहुँदैन । कैदको विषय सञ्चार कानुनमा गर्नु उपयुक्त हुँदैन । |
| दफा ५३ | किताबको अभिलेखीकरण गराउनुपर्ने : (१) कुनै पनि किताबको प्रकाशकले प्रकाशित किताब बिक्री वितरण गर्नुअघि त्यस्तो किताबको दुई प्रति बिनामूल्य अभिलेखीकरणका लागि प्रेस रजिस्ट्रारको कार्यालयमा बुझाउनुपर्नेछ । | (१) कुनै पनि किताबको प्रकाशकले प्रकाशित किताब दुई प्रति बिनामूल्य अभिलेखीकरणका लागि प्रेस रजिस्ट्रारको कार्यालयमा बुझाउनुपर्नेछ । | बिक्री वितरणअघि नै बुझाउने कुराले सेन्सरको झल्को दिन्छ । त्यसैले बिक्रीअघि नै बुझाउनुपर्छ भन्ने किटान गर्नु उपयुक्त नहुने । |